उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८३/०८४
चलानी नं: १५८

---

<u>कार्यक्रम माग तथा सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना</u>

**प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२७ गते**

**नेपाल संवत् ११४६ दिल्लागा आमै**

उमाकुण्ड गाउँपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वडा नं १ अन्तर्गत **५० प्रतिशत अनुदानमा चिया खेती प्रवर्धन कार्यक्रम उमाकुण्ड-१** सञ्चालन हुने हुँदा उमाकुण्ड गाउँपालिका वडा नं १ भित्रका इच्छुक कृषक समूह/कृषि फर्म/कृषि कम्पनीहरुलाई यस कार्यक्रमहरूमा सहभागी हुनका लागि देहाय बमोजिमका कागजात सहित सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र कृषि विकास शाखा वा सम्बन्धित वडा कार्यालयमा आवेदन पेश गर्नुहुन जानकारीका लागि सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरू छनोटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

<u>आवश्यक कागजातहरू:</u>

१. कार्यक्रम माग निवेदन।
२. सम्बन्धित वडा कार्यालयको सिफारिस।
३. कृषक समूह, कृषि फर्म, कृषि कम्पनीको दर्ता प्रमाणपत्र (नवीकरण भएको), स्थायी लेखा नम्बर, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (आ.व. २०८२/०८३ को)
४. कृषक समूह र कृषि कम्पनीको हकमा कार्यक्रममा सहभागी हुने सदस्यहरूको नागरिकताको प्रतिलिपि, संस्थाको निर्णय प्रतिलिपि।
५. निवेदकको नागरिकताको प्रतिलिपि।
६. कार्यक्रम सञ्चालन गर्ने क्षेत्र (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात र मञ्जुरीनामा वा भाडामा भएमा करार सम्झौता।
७. तिरो तिरेको रसिदको प्रतिलिपि।
८. प्रतिबद्धता पत्र।

**<u>थप जानकारीको लागि:</u>**

ना प्रा.स (कृषि) श्री प्रेम राज सुनुवार
सम्पर्क नं: ९८६०२०८१५३
शाखा प्रमुख(कृषि) श्री अस्मिता कार्की
सम्पर्क नं: ९८६८९६०९१८

२०८३/०४/२७
............
डावा शेर्पा
अधिकृतस्तर सातौं

---